भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरुः (१०१औं बैठक, मिति २०८१/१०/२५ गते बिहान ०८:०० बजे)

<table>
<tr><th>क्र. स.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>१०० औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।</td><td>भरतपुर महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०९/२१ गते बसेको १०० औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो ।</td></tr>
<tr><td>२.</td><td>आ.व. २०८२/८३ को समपूरक/विशेष अनुदान अन्तर्गतका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा । (नेपाल सरकार अन्तर्गत)</td><td>आ.व. २०८२/८३ को विशेष अनुदान अन्तर्गत तपसिलका आयोजना नेपाल सरकार समक्ष प्रस्ताव गर्ने ।<br>तपसिल
<table>
<tr><th>क्र.स</th><th>योजनाको नाम</th><th>Drawing/design/ Specification सहित कुल अनुमानित लागत स्वीकृत</th></tr>
<tr><td>१</td><td>नारायणी र रासी नदी तटीय क्षेत्रमा मेसजाली लगाउने कार्य</td><td>५ करोड</td></tr>
<tr><td>२</td><td>पटिहानी इको पार्क वडा नं. २२</td><td>५ करोड</td></tr>
<tr><td>३</td><td>केरुङ्गा खोला नदी नियन्त्रण</td><td>५ करोड</td></tr>
</table>
आ.व. २०८२/८३ को समपूरक अनुदान अन्तर्गत तपसिलका आयोजना नेपाल सरकार समक्ष प्रस्ताव गर्ने ।<br>तपसिल
<table>
<tr><th>क्र.स</th><th>योजनाको नाम</th><th>Drawing/design/ Specification सहित कूल अनुमानित लागत स्वीकृत</th></tr>
<tr><td>१</td><td>पुङ्गीखोला ड्रेन विस्तार तथा सौन्दर्यकरण (क्रमागत)</td><td>१० करोड</td></tr>
<tr><td>२</td><td>राजु गुरुङको घरदेखि दक्षिण विना गुरुङको घरहुँदै मिलडाँडा जाने सडक स्तरोन्नति भरतपुर १९</td><td>४ करोड</td></tr>
<tr><td>३</td><td>शितल चोकदेखी गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला जाने सडक स्तरोन्नति वडा नं १५ र १६</td><td>४ करोड</td></tr>
</table></td></tr>
</table>

<table>
<tr>
<td>३.</td>
<td>आ.व. २०८२/८३ को समपूरक/विशेष अनुदान अन्तर्गतका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा । (प्रदेश सरकार अन्तर्गत)</td>
<td>
आ.व. २०८२/८३ को विशेष अनुदान अन्तर्गत तपसिलका आयोजना प्रदेश सरकार समक्ष प्रस्ताव गर्ने ।<br>
तपसिल
<table>
<tr><th>क्र.स</th><th>योजनाको नाम</th><th>Drawing/design/ Specification सहित कूल अनुमानित लागत स्वीकृत</th></tr>
<tr><td>१</td><td>रातापुर आधारभूत विद्यालय भवन निर्माण</td><td>१ करोड</td></tr>
<tr><td>२</td><td>चौकीडाँडा सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण वडा नम्बर २९</td><td>१ करोड</td></tr>
<tr><td>३</td><td>वडा नं. १४ को शिवनगर अस्पताल सेवा विस्तार</td><td>१ करोड</td></tr>
</table>
आ.व. २०८२/८३ को समपूरक अनुदान अन्तर्गत तपसिलका आयोजना प्रदेश सरकारसमक्ष प्रस्ताव गर्ने ।<br>
तपसिल
<table>
<tr><th>क्र.स</th><th>योजनाको नाम</th><th>Drawing/design/ Specification सहित कुल अनुमानित लागत स्वीकृत</th></tr>
<tr><td>१</td><td>चौबिसकोठी देखि मालपोत चोक सरकारी अस्पताल हुँदै कृषि ज्ञान केन्द्र सडक खण्ड फुटपाथ निर्माण ड्रेन सहित</td><td>२ करोड</td></tr>
<tr><td>२</td><td>वडा नम्बर २६ को कार्यालय देखि रिङरोड जोड्ने सडक निर्माण</td><td>२ करोड</td></tr>
<tr><td>३</td><td>वडा नम्बर २१ र २५ जोड्ने पकौडी बाट बिशालचोक सम्मको सडकमा अधुरो खण्ड सडक निर्माण</td><td>२ करोड</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr><td>४.</td><td>आ.व. २०८२/८३ को तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।</td><td>आ.व. २०८२/८३ को तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत तपसिलका आयोजना प्रस्ताव गर्ने ।<br>तपसिल
<table>
<tr><th>क्र.स</th><th>योजनाको नाम</th><th>Drawing/design/ Specification सहित कूल अनुमानित लागत स्वीकृत</th></tr>
<tr><td>१</td><td>सामूहिक आवास भवन निर्माण</td><td>२ करोड</td></tr>
<tr><td>२</td><td>वडा नम्बर ३ को युनिक मार्गमा सडक संरचना निर्माण तथा स्तरोन्नति</td><td>२ करोड</td></tr>
<tr><td>३</td><td>शहरी क्षेत्रमा सार्वजनिक शौचालय निर्माण</td><td>२ करोड</td></tr>
<tr><td>४</td><td>वडा नम्बर २५ को जनज्योति माध्यमिक विद्यालयको विद्यालय भवन निर्माण</td><td>२ करोड</td></tr>
<tr><td>५</td><td>वडा नम्बर १ को आदिकवि भानुभक्त मा.वि. विद्यालय भवन निर्माण</td><td>२ करोड</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>उपभोक्ता समितिबाट सम्पन्न नभएका विगतका योजनाको म्याद थप गरी योजना फरफारक गर्ने सम्बन्धमा ।</td><td>गत आ.व. २०८०/८१ सम्ममा उपभोक्ता समिति सँग सम्झौता भई हाल सम्म सम्पन्न नभएका योजनाहरु को म्याद थप नगर्ने ।उक्त योजनाहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा फरफारक गर्ने ।</td></tr>
<tr><td>६.</td><td>खरिद सम्झौता अन्त्य गर्ने सम्बन्धमा ।</td><td>भरतपुर महानगरपालिकाबाट विभिन्न आर्थिक वर्षमा सम्झौता भएका र सम्झौता बमोजिम कार्यसम्पादन नभएका देहाय बमोजिमका खरिद सम्झौता सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ बमोजिम अन्त्य गर्ने ।<br>क) ठेक्का नं. 6-BMC/2078/079/W/NCB/8, Blacktopped Road Maintenance and Rigid Pavement Works at different ward of Bharatpur Metropolitan City.<br>ख) ठेक्का नं. Metro/BHR/W/NCB/13/077/078,Construction of Blacktopped Road and Drain in Kachapache Chowk at Ward No. 4.</td></tr>
</table>

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरुः (१०१औं बैठक, मिति २०८१/१०/२५ गते बिहान ०८:०० बजे)

| | | |
|---|---|---|
| ७. | सुविस्ताका आधारमा खरिद सम्झौता अन्त्य गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिकाबाट विभिन्न आर्थिक वर्षमा सम्झौता भएको र निर्माण कार्यका लागि साईट उपलब्ध नभएका, विवाद सिर्जना भएका तथा थप निर्माण कार्य गर्न उचित नदेखिएका देहाय बमोजिमका खरिद सम्झौता सार्वजनिक हितको लागि सुविस्ताको आधारमा *सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (४)* बमोजिम अन्त्य गर्ने ।<br>क) ठेक्का नं **.19-BMC/2079/080/W/NCB/38, Drain Construction in Prembasti Tole, BMC- 7.**<br>ख) ठेक्का नं **.15-BMC/2080/81/W/NCB/36, Construction of Narayani Sea-Beach Model Green Terrain and Concrete Tree Guard Work, BMC- 1.** |
| ८. | चिडियाखाना निर्माणका लागि स्थान छनौट गर्ने सम्बन्धमा । | विशेष अनुदान मार्फत् प्राप्त चिडियाखाना निर्माण सम्बन्धी योजना कार्यान्वयनका लागि डिभिजन वन कार्यालय चितवन, रामबेल सामुदायिक वन तथा वडा कार्यालय समेतको सहमति अनुसार भरतपुर महानगरपालिका वडा नं. १२, गोन्द्राङ स्थित राइनो पार्क छनौट गरी योजना सञ्चालन गर्ने । |
| ९. | आय ठेक्का अनुमोदन गर्ने सम्बन्धमा । | क. भरतपुर महानगरपालिका कार्यालयबाट ठेक्का मार्फत विज्ञापनजन्य सामाग्रीमा लाग्ने शुल्क संकलन कार्यका लागि प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये ठेक्का स्वीकृत भएको वेलडन एडभरटाइजिङ प्रा.लि. कुपन्डोल-१ ले म्याद भित्र सम्झौता गर्न नआएकोले सो फर्मले ठेक्का जमानत बापत राखेको धरौटी रकम रु ६,००,०००/०० जफत गरी सो फर्मलाई २ वर्षका लागि कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने र सार्वजनिक खरिद ऐन बमोजिम मूल्याङ्कन समितिको सिफारिसका आधारमा कर बाहेक तीन आर्थिक वर्षका लागि दोस्रो बढी कबोल रकम रु २,७९,६५,६९७/०० कबोल गर्ने आश्रित निर्माण सेवा (पहिलो भन्दा ३.८२ प्रतिशत घटी) सँग सम्झौता प्रकृया अघि बढाउने गरी कार्यालयबाट २०८१/९/१७ मा भएको निर्णय अनुमोदन गर्ने ।<br>ख. भरतपुर महानगरपालिका कार्यालयको परिसरमा रहेको क्यान्टिन ठेक्का मार्फत दुई बर्षका लागि सञ्चालन गर्न प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये ठेक्का स्वीकृत भएको फर्म आर.के. दियालो प्रा.लि. (कबोल रकम करहरु बाहेकको रु १५,०२,२०२/००) सँग सम्झौता गर्ने गरी भएका निर्णयहरु अनुमोदन गर्ने । |

| | | |
|---|---|---|
| | | ग. क्यान्टिन सन्चालनका लागि २०७८/७९ मा सत्यवति कन्स्ट्रक्सन प्रा.लि. सँग भएको सम्झौता गत २०८०/८१ को आषाढ मसान्तमा समाप्त भएको हुँदा २०८१/४/१ देखि पुनः ठेक्का प्रकृयाका क्रममा सम्झौता गर्न लाग्ने समयसम्मको अवधिको भाडा रकम साविक म्याद समाप्त भएको ठेक्काको अन्तिम आ.व.को मासिक भाडा बमोजिम दर कायम गरी नयाँ सम्झौता हुने समयसम्मको भाडा रकम असुलउपर गर्ने । |
| १०. | लागत सहभागिता रकम फिर्ता सम्बन्धमा । | गंगानगर दुग्ध विकास संस्था, भरतपुर- २२, पटिहानीले आ.व. २०७८।०७९ मा ठेक्का नं. **47-BMC/ 2078/079/G/SQ/137 Procurement of Dairy Related Equipment** सँग सम्बन्धित सामग्री आपूर्ति गर्दा शर्त बमोजिम महानगरको खातामा जम्मा गरेको लागत सहभागिता रकम फरफारक गरी बाँकी हुन आएको रु ८,१४,४००।- उक्त संस्थालाई फिर्ता गर्ने । |
| ११. | घले जाति लाई आदिवासी जनजातिमा सूचीकृत गर्न सिफारिस गर्ने सम्बन्धमा । | घले जातिलाई आदिवासी जनजातिमा सूचीकृत गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । |
| विविध | | |
| क. | बालमैत्री वडा घोषणा सम्बन्धमा । | क) भरतपुर महानगरपालिका वडा नं. २४ बालमैत्री वडाका लागि सबै सूचकहरु पूरा भएकोले उक्त वडालाई बालमैत्री वडा घोषणा गर्ने ।<br>ख) वडा नं. १७, १८ र २० लाई बालमैत्री वडा घोषणा गर्न कार्यसञ्चालन प्रक्रिया अघि बढाउने स्थानीय बालअधिकार समितिको बैठकको निर्णयलाई अनुमोदन गर्ने । |
| ख. | बजेट माग गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिका वडा नं. ३ नगरवनमा रहेको झोलुङ्गे पुल वर्षातको समयमा बाढीले बगाएर क्षतिग्रस्त भएको हुँदा उक्त पुल निर्माणको लागि आवश्यक बजेट व्यवस्था गर्न सस्पेन्सन ब्रिज डिभिजन, श्रीमहल पुल्चोक ललितपुरमा सिफारिस गर्ने । |

<table>
<tr><td>ग.</td><td>लिजा (LISA) को नतिजा अनुमोदन सम्बन्धमा ।</td><td>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित नतिजा अनुसार भरतपुर महानगरपालिकाको आ.व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को तपसिल बमोजिमको शीर्षकगत अङ्कभारलाई अनुमोदन गर्ने–<br><br>
<table>
<tr><th>सि.नं.</th><th>सूचक क्षेत्र</th><th>प्राप्त अंकभार (प्रतिशतमा)</th></tr>
<tr><td>१</td><td>शासकीय प्रबन्ध</td><td>९४.४४</td></tr>
<tr><td>२</td><td>संगठन तथा प्रशासन</td><td>७८.१३</td></tr>
<tr><td>३</td><td>वार्षिक बजेट तथा योजना व्यवस्थापन</td><td>८३.३६</td></tr>
<tr><td>४</td><td>वित्तीय एवम् आर्थिक व्यवस्थापन</td><td>८६.३६</td></tr>
<tr><td>५</td><td>सेवा प्रवाह</td><td>९०.६३</td></tr>
<tr><td>६</td><td>न्यायिक कार्यसम्पादन</td><td>१००</td></tr>
<tr><td>७</td><td>भौतिक पूर्वाधार</td><td>९०.३८</td></tr>
<tr><td>८</td><td>सामाजिक समावेशीकरण</td><td>९०</td></tr>
<tr><td>९</td><td>वातावरण संरक्षण तथा विपद् व्यवस्थापन</td><td>८८.८९</td></tr>
<tr><td>१०</td><td>सहकार्य र समन्वय</td><td>९१.६७</td></tr>
<tr><td></td><td>जम्मा प्राप्तांक</td><td>८९.५०</td></tr>
</table>
</td></tr>
<tr><td>घ.</td><td>आर्थिक सहायता सम्बन्धमा ।</td><td>• भरतपुर महानगरपालिकावडा नं १ निवासी शम्शेर दमाईलाई घुंडाको समस्याको उपचार गर्न रु ५०,०००।— (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं ४ निवासी अस्मिता दुलाल लाई पाठेघरको उपचारार्थ रु ५०,०००।— (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं १४ निवासी महेश पौडेललाई कलेजो रोगको उपचारार्थ रु १,००,०००।— (अक्षरेपी एक</td></tr>
</table>

| | | |
|---|---|---|
| | | लाख मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २५ निवासी कल्पना शर्मा के.सी. लाई मुटुरोगको उपचारार्थ रु. ५०,०००।— (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २७ निवासी मोहनी लाल न्यौपानेलाई उपचारार्थ रु. ५०,०००।— (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गर्ने । |
| ङ | भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा । | गण्डकी प्रदेशको ताराखोला गाउँपालिका, बाग्लुङबाट मिति २०८०।१२।१६ को गाउँ कार्यपालिकाको निर्णय अनुसार यस महानगरपालिकासँग भगिनी सम्बन्धको प्रस्ताव गरेको हुँदा भरतपुर महानगरपालिका र ताराखोला गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम गर्ने । |